# नेचासल्यान गाउँपालिकाको विनियोजन ऐन, २०७५

गाउँ सभाबाट स्वीकृत मिति : –२०७५।०३।१०

नेचासल्यान गाउँपालिका
सोलुखुम्बु ॥

**नेचासल्यान गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन -२०७५**

**प्रस्तावना** :नेचासल्यान गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नेचासल्यान गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " **नेचासल्यान गाउँपालिकाको विनियोजन ऐन, २०७५**" रहेको छ।

(२) यो ऐन २०७५ श्रावण १ गते देखि लागु हुनेछ।

**२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च, ससर्त अनुदान, बिषयगत अनुदान आन्तरिक आम्दानी र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३४,१८,९७,९०६ (अक्षेरुपी चौतीस करोड अठार लाख सन्तानब्बे हजार नौ सय छ मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त नेचासल्यान गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने शेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४) अनुसूची २ मा रहेको ब्यय अनुमानका आधारमा गाउँपालिकाले चालु र पुंजीगत शिर्षकबाट हुने खर्चहरु र जगेडा कोषमा रहेको खर्च शिर्षक अन्तर्गत खर्च गर्नेछ ।

तर ससर्त अनुदानको चालु तथा पूँजिगत खर्चको हकमा बिषयगत शाखा चालु तथा पुंजीगत खर्च शिर्षक अनुसार नै खर्च गरिने छ ।

५) बजेटमा ब्यवस्था भए अनुसारको संघ, संस्थाहरुले बजेटमा स्वीकृत कार्यक्रमको हकमा खर्च गर्दा अनुसूची ३ बमोजिम गर्नेछ । साथै बजेटमा व्यवस्था नभएका अन्य सरकारी, गैरसरकारी संघ, संस्थाहरुले कुनै कार्यक्रम गर्दा गाउँ कार्यपालिकाबाट अनुमती लिएर मात्र कार्यक्रम तथा खर्च गर्न सक्नेछन् ।

६. यस ऐन पारित हुनु भन्दा अगाडि यस गाउँपालिकाबाट भएका सम्पूर्ण कामकारबाहीहरु यसै ऐन बमोजिम भएको मानिनेछ

## अनुसुची -१
(दफा २(१) संग सम्बन्धित)

| १. नेचासल्यान गा.पा. आर्थिक वर्ष २०७४/०७५ को अनुमानित आय : | | | कैफियत |
|---|---|---|---|
| क्र.सं. | श्रोत | रकम | |
| १ | संघिय सरकार | | |
| १.१ | सर्सत अनुदान | १६,३६,००००० | |
| १.२ | वित्तिय समानिकरण अनुदान | ११,५६,०००००। | |
| १.३ | राजश्व बाँडफाँड | ४७९७१०००। | |
| २. | प्रदेश सरकार | | |
| २.१ | सर्सत अनुदान | | |
| २.२ | वित्तिय समानिकरण | ३३५०००० | |
| ३. | राजश्व बाँडफाँड मालपोत रजिष्ट्रेसन | ३७६९०६ | |
| ४ | आन्तरिक श्रोत | १००००००।- | |
| ५. | चालु आ.व. बाट संचितकोषमा जाने | १,००००००० | |
| | जम्मा रकम | ३४,१८,९७,९०६- | |
| | **सर्सतको रकम घटाउँदा** | १६,३६,००००० | |

| | | | |
|---|---|---|---|
| | विनियोजन गर्न सकिने रकम | १७,८२,९७,९०६। | |

## अनुसुची - २

(दफा २(४) संग सम्बन्धित)

२. नेचासल्यान गा.पा. आर्थिक वर्ष २०७५/०७६ मा चालुगत , पुँजीगत र सशर्त अनुदान बाट हुने  व्यय विवरण :

| **नेचासल्यान गा.पा. आर्थिक वर्ष २०७५/०७६ को व्यय विवरण** | | कैफियत |
|---|---|---|
| कार्यक्रम | विनियोजित रकम | |
| शशर्त अनुदान | १६,३६,०००००। | |
| पुजीगत तर्फ | १३,७४,५४,९०६ | |
| चालु तर्फ खर्च | ४०,८४,३,०००। | |

## अनुसुची - ३

(दफा ३(५) संग सम्बन्धित)